| | |
|---|---|
| ऐन संख्या :- | ....... |

# सोलुदुधकुण्ड नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको विधेयक, २०७५

| | |
|---|---|
| नगर सभाबाट स्वीकृत मिति :- | २०७५/ / |

| | |
|---|---|
| प्रमाणीकरण मिति :- | २०७५/ / |

**सोलुदुधकुण्ड नगरपालिका**

**सोलुखुम्बु जिल्ला**

**१ नं. प्रदेश**

**सोलुदुधकुण्ड नगरपालिका**

**प्रशासकीय कार्यविधि (नियमित गर्न) बनेको विधेयक, २०७५**

**प्रमाणीकरण मिति :**२०७५/...

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र लागू हुने गरी नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन सोलुदुधकुण्ड नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** :(१)बिषयवाप्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन"भन्नाले नगरपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका"भन्नाले सोलुदुधकुण्ड नगरपालिकासम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा कामगर्ने अधिकृतलाई सम्झनु पर्छ ।

(घ) "सभा"भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाउने अधिकार** :संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न आवश्यक मापदण्ड तथा अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

४. **खारेजी र बचाऊ :** यो ऐन बन्नु अगाडि कार्यपालिकाबाट भएकाप्रशासकीयप्रकृतिका निर्णय र आदेश यसै ऐन बमोजिमभएको मानिनेछ ।